कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल

सचिवालय : ०८३-५२५६१२
प्रशासन शाखा : ०८३-५२३६७२
फ्याक्स : ०८३-५२००७५

पत्र सङ्ख्या : २०८०/०८१
चलानी नं.: 1050

मिति: २०८०/११/१३

**विषयः अर्धवार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

यस मन्त्रालय र मातहतका खर्चकेन्द्रहरू समेतको चालु आ.व. २०८०/८१ अर्धवार्षिक (२०८० श्रावण - पौष ) प्रगति विवरण पत्रसाथ सँलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

लक्ष्मण कडेल
(तथ्याङ्क अधिकृत)

E-mail: *mosdsurkhet@gmail.com* Website: *mosd.karnali.gov.np*

कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

# आ.व. २०८०/८१ को अर्धवार्षिक प्रगति प्रतिवेदन

**(२०८० माघ २९ गते)**
**(२०८० पौष मसान्त सम्मको)**

## १. परिचय

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेटने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई संचालनमा रहेको छ । प्रदेश सरकार मन्त्रीपरिषदको मिति २०७६/०५/०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरवन्दी स्वीकृत भएको थियो । हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल ११३६ स्विकृत दरवन्दी रहेका छन् । मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरवन्दी रहेको छ ।

## २. मन्त्रालयको दिर्घकालिन सोच

कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तिकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्धन गरी कर्णालीबासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने ।

## ३. मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय

- कर्णालीवासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिबृद्धि गर्ने,
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,
- उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,
- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्वर्धन गर्ने,

## ४. रणनैतिक उद्देश्यहरू

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,
- आधारभूत तहसम्मको शिक्षालाई नि:शुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त, जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने,
- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोज मूलक, उद्यमशील र अनुसन्धानमूलक बनाउदै आत्मनिर्भर नागरिक तयार गर्ने,
- बालअधिकार, लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,
- विकासका विभिन्न आयामहरूमा अपाङ्गतामैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री लैङ्गिकमैत्री रणनीति अवलम्वन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा वन्चितिकणमा परेका जोखिमयुक्त बर्ग तथा समुदायको उत्थान गर्ने,
- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वावलम्वी बनाउदै कर्णाली विकासको सम्वाहक शक्तिको रूपमा विकास गर्ने,
- कर्णालीको मानव संशाधन विकास ढाँचा विकास गर्दा भातृत्व, कर्णाली प्रदेशमा नै काम गर्ने र लगानी गर्ने लगाव सबैका लागि खेलकुदको अभिप्राय बमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने ।
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, साँस्कृतिक, पुरातात्विक बहुमूल्य सम्पदाहरूको संरक्षण र सम्बर्धन गर्ने ।

## ५. मन्त्रालयको कार्यक्षेत्र

१. स्वास्थ्य तथा जनसङ्ख्या

२. शिक्षा तथा मानव संशाधन

३. महिला बालबालिका तथा समाज कल्याण

४. युवा तथा खेलकुद

५. भाषा धर्म तथा संस्कृति

६. पोषण खानेपानी तथा सरसफाई

स्थापना कालमा श्रम तथा रोजगार क्षेत्र पनि यसै मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत रहेता पनि आ.व. २०७९/८० सो कार्यक्षेत्र यस मन्त्रालयबाट हटाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत राखिएको छ ।

## ६. मन्त्रालय र मातहतका खर्चकेन्द्रहरु समेतको विनियोजन र वित्तिय प्रगति

(रकम रू हजारमा)

| क.सं. | बजेट प्रकार | विनियोजित रकम | खर्च रकम | अर्ध वार्षिक खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | चालू आ.व. | गत आ.व. |
| १ | चालु | ३,२०,४६,२६ | ९३,३२,९७ | २९.१ | २३.६ |
| २ | पुँजीगत | २,७८,१५,५९ | ४६,०१,४८ | १६.५ | १७.५ |
| | जम्मा | ५,९८,६१,८५ | १,३९,३४,४७ | २३.३ | २०.८ |

## ७. मन्त्रालयको कार्यक्षेत्रगत प्रगति

(रकम रू हजारमा)

| क.सं. | क्षेत्र | विनियोजन र लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक लक्ष्य | विनियोजन | परिमाण | प्रगति % | खर्च रकम | प्रगति % |
| १ | भाषा, कला, संस्कृति | ६८ | २९६३८.० | १७ | २५.० | ७५८१.५ | २५.६ |
| २ | युवा तथा खेलकुद | ५६ | १०९७१३५.४ | २६ | ४६.४ | २३८५१२.४ | २१.७ |
| ३ | शिक्षा | १३६३ | १२८७२५८.९ | ३०१ | २२.१ | २९९८६९.३ | २३.३ |
| ४ | सामाजिक | १८३ | १७४६४२.५ | ८३ | ४५.४ | ३७८८०.९ | २१.७ |
| ५ | स्वास्थ्य | २३३१ | ३३९७५१०.२ | ११०२ | ४७.३ | ८०९६०२.९ | २३.८ |
| जम्मा | | ४००१ | ५९८६१८५.० | १५२९ | ३८.२ | १३९३४४७.० | २३.३ |

## ८. बजेट स्रोतगत विनियोजन र प्रगति

(रकम रू हजारमा)

| क.सं. | स्रोत | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | नगद | २,२८,०१,१२ | ६९,४४,४८ | ३०.५ |
| २ | वित्तिय समानीकरण | २,०५,८२,८३ | ३४,१७,७४ | १६.६ |
| ३ | सशर्त अनुदान | १,०६,२२,०० | २९,८२,७० | २८.१ |
| ४ | विशेष अनुदान | ४०,००,०० | ५,९०,७० | १४.८ |
| ५ | सोझै भुक्तानी अनुदान | १,८६,९० | ६६ | ०.४ |
| ६ | सोधभर्ना हुने अनुदान | १६,६९,०० | १८१ | ०.१ |
| | जम्मा | ५,९८,६१,८५ | १,३९,३८,०८ | २३.३ |

## ९. बजेट उपशिर्षकगत वित्तिय प्रगति

(रकम रू हजारमा)

| बजेट उपशिर्षक | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | १३४१८८ | ३३९६१ | २५.३ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ४५८११ | १३२७८ | २९.० |
| प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ९११५५ | १४१०० | १५.५ |
| प्रदेश खेलकूद परिषद् | १००४३७६ | २१२५३५ | २१.२ |
| शिक्षा विकास निर्देशनालय | ३०८०५३ | ४२३०१ | १३.७ |
| सामाजिक विकास कार्यालयहरु | ६५६०३६ | १७१८०० | २६.२ |
| स्वास्थ्य सेवा निर्देशनालय | ६८३८५ | २५९७५ | ३८.० |
| अस्पतालहरु | १०५०२४० | २१९८१२ | २०.९ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ९६५००१ | २७३४२१ | २८.३ |
| आयुर्वेद औषधालयहरु | २११३९५ | ६७६७७ | ३२.० |
| संघ शर्सत (स्वाध्य) | ८८२२५६ | १७२४५५ | १९.५ |
| मानव संशाधन विकास केन्द्र | ४०९०० | १३६१४ | ३३.३ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय | २३८८९ | ६१८३ | २५.९ |
| राष्ट्रिय युवा परिषद | ५०९०० | १७२७८ | ३३.९ |
| संघ शर्सत (शिक्षा) | ४३६९०० | १०६७७५ | २४.४ |
| राष्ट्रिय खेलकुद परिषद् | १६७०० | २२८२ | १३.७ |
| **कुल जम्मा** | **५९८६१८५** | **१३९३४४७** | **२३.३** |

## १०. बहुवर्षिय आयोजना प्रगति

(रकम रू हजारमा)

| कार्यक्रम | कूल लागत | आयोजना सम्पन्न हुनुपर्ने आ.व. | चालु आ.व. मा विनियोजित बजेट | चालु आ.व.मा खर्च प्रतिशत | कूल भौतिक प्रगति% |
|---|---|---|---|---|---|
| डोल्पा अस्पताल | २०७००० | २०७९/८० | ४५०० | ८५.० | १०० |
| सल्यान अस्पताल | १५७४०० | २०७९/८० | १२०००० | १९.२ | ५५ |
| रूकुम अस्पताल | २०९१०० | २०७९/८० | ४५००० | ०.५ | ६५ |
| हुम्ला अस्पताल | २९६७०० | २०७९/८० | ४५००० | ०.८ | ५० |

| कार्यक्रम | कूल लागत | आयोजना सम्पन्न हुनुपर्ने आ.व. | चालु आ.व. मा विनियोजित बजेट | चालु आ.व.मा खर्च प्रतिशत | कूल भौतिक प्रगति% |
|---|---|---|---|---|---|
| दैलेख अस्पताल | १९२४०० | २०७९/८० | १००००० | १९.५ | ५० |
| प्रदेश रङ्गशाला | १५९०००० | २०८०/८१ | ८५०००० | २३.१ | ९० |
| प्रदेश अस्पताल तला थप | १८३५६२७ | २०८३/८४ | ४९७४०० | १२.५ | १०.० |

## ११. बजेट भार बढि भएका प्रमूख कार्यक्रमहरू

(रकम रू हजारमा)

| कार्यक्रम | बजेट | खर्च | प्रगति |
|---|---|---|---|
| सुर्खेतको वीरेन्द्रनगरमा प्रदेश रंगशाला निर्माण | ८५०००० | ६५२४९९.५ | ७६.८ |
| प्रदेश अस्पताल सुर्खेतको भवनको तला थपा कार्यक्रम | ४९७४०० | ६२२०६.४९ | १२.५ |
| एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण | १४०००० | ० | ०.० |
| स्वास्थ्य सेवा कार्यालय सल्यानको भौतिक सुविधा विस्तार (खानेपानी,अस्पताल भवन निर्माण) | १२०००० | २९७७८.५९ | २४.८ |
| जिल्ला अस्पताल दैलेखको भवन एवं कम्पाउण्ड निर्माण | १००००० | १९४९८.२ | १९.५ |

## १२. कार्यालयगत बजेट र प्रगति अवस्था

(रकम रू हजारमा)

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला, सुर्खेत | ५३३५४ | ३३५८६.३ | ६२.९ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | २००६४ | १२११३.५ | ६०.४ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | १८८५८ | ९६४३.६ | ५१.१ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | १७२०९ | ७६५०.२ | ४४.५ |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | १२६९३९ | ५१९३१.२ | ४०.९ |
| मेहेलकुना अस्पताल, गुर्भाकोट | ९३८६२ | ३६६१७.० | ३९.० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | १३४५१ | ५२४६.४ | ३९.० |
| सामाजिक विकास कार्यालय, सल्यान | १०८०५० | ४१८८९.३ | ३८.८ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | १५४५९ | ५८८८.५ | ३८.१ |
| जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | ६४५८४ | २४१२३.८ | ३७.४ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट | १८०२० | ६६०६.३ | ३६.७ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | २०२२९ | ६८७१.७ | ३४.० |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | १५८५९९ | ५३७१६.३ | ३३.९ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | १७२०६ | ५७१६.१ | ३३.२ |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | २५९३५५ | ८५५९७.२ | ३३.० |

| कार्यालय | बजेट | खर्च | खर्च% |
|---|---|---|---|
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | १२२८३० | ३८३८१.८ | ३१.२ |
| जुम्ला आयुर्वेद औषधालय, जुम्ला | २१४८० | ६५७८.१ | ३०.६ |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | १२२६३१ | ३७५५०.६ | ३०.६ |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | २३६७३७ | ७१४६३.९ | ३०.२ |
| मानव संशाधन विकास केन्द्र, सुर्खेत | ८२४६४ | २४८५३.५ | ३०.१ |
| सामाजिक विकास कार्यालय, जुम्ला | ९१०९४ | २६८१९.७ | २९.४ |
| सामाजिक विकास कार्यालय, हुम्ला | ७५४५० | २२०८२.६ | २९.३ |
| प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र,सुर्खेत | ८७६१९ | २४९४८.७ | २८.५ |
| सामाजिक विकास कार्यालय, जाजरकोट | ८४८७६ | २३७४७.१ | २८.० |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | १०९०६५ | २८३१४.९ | २६.० |
| प्रदेश संग्रहालय तथा अभिलेखालय, सुर्खेत | २३८८९ | ६१८३.२ | २५.९ |
| सामाजिक विकास कार्यालय, मुगु | ६२६०५ | १६१९४.८ | २५.९ |
| सामाजिक विकास कार्यालय, कालिकोट | ८०७९० | २०६८६.४ | २५.६ |
| सामाजिक विकास कार्यालय, डोल्पा | ७६२८० | १९४९८.६ | २५.६ |
| स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत | १६१८७१ | ३९८५२.७ | २४.६ |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | ४८१७६ | ११६८०.५ | २४.२ |
| प्रदेश अस्पताल, वीरेन्द्रनगर | १०६५२७२ | २५३७७१.२ | २३.८ |
| सामाजिक विकास मन्त्रालय, सुर्खेत | २४०७२८ | ५५५७८.० | २३.१ |
| सामाजिक विकास कार्यालय, दैलेख | १०२२३७ | २२६८०.६ | २२.२ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | १५३८१९ | ३३३८१.३ | २१.७ |
| प्रदेश खेलकुद परिषद्, सुर्खेत | १००६३७६ | २१४०००.७ | २१.३ |
| सामाजिक विकास कार्यालय, रुकुम | ६९८३८ | १३९९९.४ | २०.० |
| शिक्षा विकास निर्देशनालय, सुर्खेत | ३७७६२५ | ४५८१४.३ | १२.१ |
| स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्यालय, सुर्खेत | १७९६९४ | १७७६३.३ | ९.९ |

## १३. खर्च शिर्षक अनुसार बजेट र प्रगति अवस्था

(रकम रू हजारमा)

| शिर्षक | विनियोजित बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| पानी तथा बिजुली | ३६६३७ | २२७९४.०७ | ६२.२ |
| छात्रवृत्ति | ५४७७६ | ३०८७८.७६ | ५६.४ |
| पुस्तक तथा सामग्री खर्च | १०१०७ | ५४९७.५२ | ५४.४ |
| अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ११०० | ५८७.६३ | ५३.४ |
| मसलन्द तथा कार्यालय सामाग्री | १५८९८ | ७२७१.१ | ४५.७ |
| करार सेवा शुल्क | ८७२६१ | ३८८७५.३ | ४४.६ |

| शिर्षक | विनियोजित बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| इन्धन (कार्यालय प्रयोजन) | १८१०६ | ८०२२.१२ | ४४.३ |
| बिमा तथा नवीकरण खर्च | ३८३६ | १६९०.०३ | ४४.१ |
| सवारी साधन मर्मत खर्च | १३१९१ | ५६१६.०८ | ४२.६ |
| सेवा र परामर्श खर्च | ७०१५ | २९६४.९१ | ४२.३ |
| कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १२९५८७ | ५४७०९.८५ | ४२.२ |
| पशुपंक्षीहरूको आहार | ५४० | २२४.०५ | ४१.५ |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १४९४७ | ६१७३.१ | ४१.३ |
| विविध खर्च | १०५६२ | ४३४८.६ | ४१.२ |
| पारिश्रमिक कर्मचारी | ७८३७३८ | ३०७३२८.७७ | ३९.२ |
| स्थानीय भत्ता | ५४१६० | १९८४५.७९ | ३६.६ |
| अन्य सेवा शुल्क | ४८५६० | १७२७८.३७ | ३५.६ |
| अनुगमन, मूल्यांकन खर्च | १६५१८ | ५८१४.४९ | ३५.२ |
| घर भाडा | १९१०२ | ६५०६.८३ | ३४.१ |
| अन्य कार्यालय संचालन खर्च | ५९४० | २०१०.९४ | ३३.९ |
| सामाजिक सुरक्षा | २५३८० | ८४४१.१२ | ३३.३ |
| सवारी साधन | ३५५० | ११३५.४९ | ३२.० |
| भ्रमण खर्च | ११८७७ | ३६८४.८८ | ३१.० |
| महंगी भत्ता | ३०००४ | ९१०१.११ | ३०.३ |
| अन्य भत्ता | १२६२७ | ३७४८.०५ | २९.७ |
| कर्मचारीको बैठक भत्ता | १३५६ | ३८५.६६ | २८.४ |
| संचार महसुल | १०९८२ | ३०८४.३२ | २८.१ |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०२८७ | २७३०.०४ | २६.५ |
| योगदानमा आधारित बीमा कोष खर्च | ३७९७ | ८४७.५३ | २२.३ |
| अन्य सार्वजनिक निर्माण | ९८३२५० | २०९८२८.६७ | २१.३ |
| योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | ४२३० | ८८९.९९ | २१.० |
| कार्यक्रम खर्च | १६०१३७२ | ३२६४४७.५३ | २०.४ |
| इन्धन - अन्य प्रयोजन | ४११८ | ८३१.४५ | २०.२ |
| फर्निचर तथा फिक्चर्स | २१०३४ | ४१६४.०४ | १९.८ |
| विविध कार्यक्रम खर्च | १७०० | ३२६.७४ | १९.२ |
| औषधी खरिद खर्च | ७८८०० | १५१०७.५६ | १९.२ |
| निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४१०० | ७१२.४९ | १७.४ |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २०५०४ | ३५१४.५३ | १७.१ |
| पदाधिकारी अन्य भत्ता | ३६३६ | ६१७.९३ | १७.० |
| गैर आवासीय भवन निर्माण/खरिद | १५२९१२३ | २३०२६१.९७ | १५.१ |
| कर्मचारी तालिम खर्च | ३०८८० | ४१६३.३६ | १३.५ |

| शिर्षक | विनियोजित बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| सवारी साधन तथा मेशिनर औजार भाडा | १७८० | १८८ | १०.६ |
| मेशिनरी तथा औजार | १५६४०७ | १०९५६.८५ | ७.० |
| सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२५ | १५ | ६.७ |
| निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४७३५० | २६१२.०९ | ५.५ |
| इन्धन (पदाधिकारी) | २३० | ११ | ४.८ |
| पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३३८४५ | ११९०.६८ | ३.५ |
| पोशाक | १३९६० | १० | ०.१ |
| आवासीय भवन निर्माण/खरिद | ५००० | ० | ०.० |
| खानेपानी संरचना निर्माण | २००० | ० | ०.० |
| अन्य सामाजिक सुरक्षा | १००० | ० | ०.० |
| उत्पादन सामग्री / सेवा खर्च | २०० | ० | ०.० |
| **कुल जम्मा** | **५९८६१८५** | **१३९३४४६.३९** | **२३.३** |

## १४. आर्थिक वर्ष अनुसार बेरूजुको अवस्था

**(रकम रू हजारमा)**

| आर्थिक वर्ष | लगत बेरूजु | | | | फछ्यौट भएको | बाँकी बे |
|---|---|---|---|---|---|---|
| | नियमित गर्नुपर्ने | असुल उपर गर्नुपर्ने | पेश्की | जम्मा | | |
| २०७४/७५ | २.६ | ६३.७ | ० | ६६.४ | ० | ६ |
| २०७५/७६ | ६२,०१.९ | २३,१२.६ | ५,१०,०३.५ | ५९५१७.९ | २३१०१.८ | ३६४१ |
| २०७६/७७ | १५,७६,३५.० | ८०,६५.१ | १३१३०६.८ | २९७००६.९ | ६९३८. | २९० |
| २०७७/७८ | ८,०६,१५.७ | ३,१३,४१.२ | ४४०९२.९ | १५६०४९.८ | ५३७.२ | १५५ |
| २०७८/७९ | ३६,८९,९०.६ | २,५१,७८.४ | ८१०४९.७ | ४७५२१८.७ | ० | ४७५ |
| कुल जम्मा | ६१,३४,४५.९ | ६६,९६१.१० | ३०७४५२.८ | ९८७८५९.८ | ३०५७७.१ | ९५७ |

## १५. मन्त्रालय अन्तर्गतका खर्चकेन्द्र अनुसार बेरूजुको अवस्था (२०८० पौष मसान्त सम्म)

**(रकम रू हजारमा)**

| कार्यालय | कुल बेरूजु | कुल फछ्यौट | बाँकी बेरूजु | कुल बेरूजुमा % |
|---|---|---|---|---|
| प्रदेश अस्पताल ,सुर्खेत | ४१०३७१ | ० | ४१०३७१ | ४२.९ |
| शिक्षा विकास निर्देशनालय | १५३८७२ | ० | १५३८७२ | १६.१ |
| सामाजिक विकास मन्त्रालय, सुर्खेत | १०३५८७ | २१२५० | ८२३३७ | ८.६ |
| सामाजिक विकास कार्यालय, दैलेख | ७१७८८ | ० | ७१७८८ | ७.५ |
| सामाजिक विकास कार्यालय, जाजरकोट | ६१२८२ | ० | ६१२८२ | ६.४ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ४९९२० | ० | ४९९२० | ५.२ |

| कार्यालय | कुल बेरूजु | कुल फछ्र्यौट | बाँकी बेरूजु | कुल बेरूजुमा % |
|---|---|---|---|---|
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | ४१५५१ | ९१२ | ४०६३९ | ४.२ |
| सामाजिक विकास कार्यालय, हुम्ला | २६२७८ | ० | २६२७८ | २.७ |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | १४५८६ | ७८८ | १३७९८ | १.४ |
| सामाजिक विकास कार्यालय, डोल्पा | १३२३३ | ० | १३२३३ | १.४ |
| स्वास्थ्य सेवा कार्यालय,रुकुम पश्चिम | ८७७९ | ० | ८७७९ | ०.९ |
| सामाजिक विकास कार्यालय, जुम्ला | ६२९२ | ० | ६२९२ | ०.७ |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | ३१८४ | ० | ३१८४ | ०.३ |
| जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | २९९१ | ० | २९९१ | ०.३ |
| प्रदेश आयुर्वेद औषधालय, सुर्खेत | ३१८१ | ५५४ | २६२८ | ०.३ |
| सामाजिक विकास कार्यालय, रूकुम पश्चिम | ८४८४ | ६३०० | २१८४ | ०.२ |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | २१७५ | ० | २१७५ | ०.२ |
| जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | २३६४ | ५०२ | १८६२ | ०.२ |
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | २०१२ | २७० | १७४२ | ०.२ |
| सामाजिक विकास कार्यालय, सल्यान | ९९८ | ० | ९९८ | ०.१ |
| स्वास्थ्य सेवा कार्यालय डोल्पा, | ५६७ | ० | ५६७ | ०.१ |
| मानव संशाधन विकास केन्द्र, सुर्खेत | २३२ | २ | २३० | ० |
| मेहेलकुना अस्पताल सुर्खेत | १२६ | ० | १२६ | ० |
| सामाजिक विकास कार्यालय, मुगु | ७ | ० | ७ | ० |
| कुल जम्मा | ९८७८६० | ३०५७७ | ९५७२८३ | १००. |

## १६. बेरूजु व्यवस्थापनका लागि भएका प्रयासहरू

- मातहतका कार्यालयहरूलाई कर्णाली बेरूजु व्यवस्थापन प्रणालीमा अध्यावधिक गर्न लगाईएको ।
- फछ्र्यौटका लागि ताकेता गरिएको
- चालु आ.व. मा ५ पटक भन्दा बढि बेरूजुसँग सम्वन्धित बैठक बसिएको
- मन्त्रालयमा बेरूजु फछ्र्यौट आन्तरिक नियन्त्रण गठन गरिएको र मातहतका कार्यालयलाई पनि गर्नका लागि परिपत्र गरिएको ।
- सामाजिक विकास मन्त्रालयमा हाल २०८० श्रावण देखि पौष सम्म जम्मा रकम ६ लाख ४९ हजार ४ सय ५८ रकम असुल उपर गरिएको ।
- मन्त्रालय मातहतका ३९ वटै खर्चकिन्द्रहरुका कार्यालय प्रमूख र लेखा प्रमुखरूलाई उपस्थिति गराई २ दिने अन्तरक्रिया तथा कार्यशाला गोष्ठी सम्मपन्न गरिएको ।
- परिच्छेद ३ सँग सम्बन्धित बेरूजुको कार्यालयगत लगत तयार गरि सम्परिक्षणका लागि सार्वजनिक लेखा समितिमा पेश गर्नका लागि फायल तयार गरिएको ।

## १७. क्षेत्रगत सम्पादन भएका प्रमुख कार्यहरू (२०८० पौष मसान्त सम्म)

### स्वास्थ्य क्षेत्र

**प्रमूख स्वास्थ्य सूचक (श्रावण – पौष २०८०)**

| सूचक | आ.व.२०७८/७९ | आ.व. २०७९/८० | श्रावण-पौष २०८० |
|---|---|---|---|
| जम्मा कार्यरत स्वास्थ्यकर्मि सङ्ख्या (स्थानीय समेत) | २,६०८ | २,६६९ | २,७३४ |
| पूर्णखोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | ८८.६ | ८३ | ८२ |
| कम तौल भएका २ वर्ष मूनिका बालबालिकाको प्रतिशत | ४.१ | ३.६ | २.७ |
| जम्मा नवजात मृत्युसङ्ख्या | २ | ० | ६ |
| जम्मा ५ वर्षमूनिको मृत्यु सङ्ख्या | १० | ८ | १० |
| जम्मा मातृ मृत्यु सङ्ख्या | १७ | १६ | ६ |
| परिवार नियोजन साधन प्रयोगदर(प्रतिशत) | १८.७ | १६.१ | १६.१ |
| ४ पटक गर्भ जाँच गराउने प्रतिशत | ७२.३ | ९८.३ | ८५ |
| ८ पटक गर्भ जाँच गराउने प्रतिशत | - | ३४.६ | ३१.४ |
| सुत्केरी पश्चात प्रोटोकल अनुसार ३ पटक जाँच गराउने आमाको प्रतिशत | ५२.६ | ५७.३ | ६८.८ |
| संस्थागत प्रसुती प्रतिशत | ६९.८ | ८३.६ | ८३ |
| दक्ष प्रसुतीकर्मिबाट प्रसुती भएको प्रतिशत | ७०.१ | ७४.५ | ५३.४ |
| जम्मा क्षयरोगका बिरामी सङ्ख्या | १६५२ | १५७२ | ६८५ |
| नयाँ कुष्ठरोगका बिरामी सङ्ख्या | ६८ | ७३ | २८ |
| जम्मा एच.आइ.भि. संक्रमित सङ्ख्या | ७० | ५६ | ४४ |
| बहिरंग स्वास्थ्य सेवा लिएका जनसङ्ख्या प्रतिशत | १०४.५ | ८४.७ | ७९.३ |
| अस्पतालमा आकस्मिक सेवा लिएको जनसङ्ख्या प्रतिशत | ३.४ | ५.१ | ६.२ |

**सम्पादित प्रमूख क्रियाकलापहरू (श्रावण – पौष २०८०)**

- प्रदेश स्तरिय वार्षिक समिक्षा सम्पन्न
- कर्णाली प्रदेश पूर्ण खोप प्रदेश घोषणा
- नागरिक स्वास्थ्य परिक्षणको पाइलट परिक्षणको सफलता पश्चात सुर्खेत र रूकुम पश्चिममा नियमितता ।
- विपन्न नागरिक उपचार सहायता कार्यक्रम यातायात रकम नियमित वितरण
- भूकम्प प्रभावित जाजरकोट, रूकुमपश्चिम र सल्यानका स्थानिय तहहरूमा स्वास्थ्य कर्मि परिचालन, खानेपानी सर्भिलेन्स, सेन्ड्रोमिक सर्भिलेन्स, तथा RRT परिचालन र अनुगमन

- डेङ्गि अन्तरगत लार्भा खोज र नस्ट अभियान
- विध्यालय पोषण कार्यक्रम
- पहिलो चरणको MSS सम्पन्न (डोल्पा बाहेक)
- भूकम्प प्रभावित जिल्ला मा तत्काल Initial Rapid Assessment,उपचार सामाग्री र जनशक्ति परिचान गरी आधारभुत स्वास्थ्य सेवा सुचारु का साथै सामग्री को उपलब्धताको सुनिश्चता
- सर्भिलेन्स लाई निरन्तरता
- प्रदेशमा रहेका साझेदार संस्थाहरु संग नियमित बैठक बसी रणिनीति तय गरी कार्यक्रम कार्यान्वयन(PHCT) तथा समन्वयात्मक रुपमा सामाग्रि तथा आवश्यक समयोगको लागि समन्वय
- मनोसामाजिक परामर्श र पुनर्थापना सेवा संचालन
- स्वास्थ्य शिविर संचालन तथा समन्वय
- मुगुमा फैलिएको औंलो रोग तथा मौषमि दोखीको महामारी  नियन्त्रणको लागि समन्वय
- Regular supply of medicines and vaccines in districts
- Effective logistics management in earthquake response
- Supply chain management guidelines drafted
- Coordination with local level to ensure regular availavility of key commodities at local level too(including medicines listed in local level responsibility)
- Regular supply chain meetings

<u>समस्या/चुनौतीहरू</u>

- पूर्ण खोपको सुनिश्चिता तथा दिगोपन,
- विभिन्न सरूवा रोगहरूको प्रकोप,
- अस्पतालहरुमा नसर्ने रोगहरूको उपचार तथा व्यवस्थापन,
- रूग्ण निर्माणाधिन स्वास्थ्य संरचनाहरू,
- हुम्ला जुम्ला मुगु कालिकोट र डोल्पा जिल्लामा गर्भवती तथा २ वर्ष मुनिका बालबालिकाहरुलाई कुपोषणको न्यूनिकरणको लागि पौष्टीक आहार  निरन्तरता ,
- अस्पतालहरूमा विशेषज्ञ सेवाको अभाव,
- अस्पतालमा पुनर्स्थापन सेवाको निरन्तरता,
- अस्पतालमा EHR/EMR पूर्णरुपमा  संचालनमा कठिनाई,
- टेलिमेडिसिनको सेवा सञ्चालन र निरन्तरता (निर्देशिका संशोधनमा रहेको, अन्यौलको स्थिति),
- औषधी तथा औषधीजन्य सामग्रीहरुको भण्डारणका लागि पर्याप्त ठाउँको अभाव,
- पहाडी जिल्लाहरूमा औषधी तथा औषधीजन्य सामग्रीहरुको ढुवानीको लागि सहज यातायातको व्यवसथा नभएको,

- प्रदेशमा स्वास्थ्यजन्य सामग्रीहरुको आपूर्तिको लागि स्वास्थ्य आपूर्ति श्रृंखलामा सम्बन्धी निर्देशिका तयार भएको तर स्वीकृती हुन नसकेकोले माग बमोजिम समयमै औषधी तथा औषधीजन्य सामग्रीहरुको आपूर्तिमा कठिनाई भएको,
- जिल्लास्थित अस्पतालहरुबाट उपकरणहरुको उच्च माग रहेको,
- बजेटमा तथा कार्यक्रममा दोहोरोपना,
- स्थानीय तह र जिल्लाहरू बीच समन्वयको अभावले स्थानीय स्तरमा कार्यक्रमगत औषधि तथा औषधीजन्य सामग्रीहरुको अधिकतम तथा न्यून मौज्दात रहेको,
- म्याद सकिएको औषधि र खोपहरूको विसर्जन व्यवस्थापनमा समस्या भएको ।

## शिक्षा क्षेत्र

### प्रमूख सूचकरू

| सूचक | आ.व.२०७८/७९ | आ.व. २०७९/८० | श्रावण-पौष २०८० |
|---|---|---|---|
| आधारभूत तह (१-८) मा खूद भर्नादर | ९६.६ | ९७.४ | ९७.४ |
| माध्यमिक तहमा खूद भर्नादर | ७२.२ | ७२.१ | ७२.१ |
| जम्मा विद्यार्थी सङ्ख्या कक्षा १-५ | २,८०,८७६ | २७११९२ | २७११९२ |
| जम्मा विद्यार्थी सङ्ख्या कक्षा ६-८ | १,४४,१०० | १३८१२३ | १३८१२३ |
| जम्मा विद्यार्थी सङ्ख्या कक्षा ९-१२ | १,४५,५२८ | १३४२३५ | १३४२३५ |
| जम्मा विद्यालय सङ्ख्या | ३,०३४ | ३२३८ | ३२३८ |
| विद्यालय सङ्ख्या (कक्षा १ देखी ५ सम्म) | १,८५५ | १९३१ | १९३१ |
| विद्यालय सङ्ख्या (कक्षा १ देखी ८ सम्म) | ५२९ | ५७५ | ५७५ |
| विद्यालय सङ्ख्या (कक्षा १ देखी १० सम्म) | ३८५ | ३९९ | ३९९ |
| विद्यालय सङ्ख्या (कक्षा १ देखी १२ सम्म) | २७८ | ३३३ | ३३३ |
| प्राविधिक धारका विद्यालय | १४७ | १५९ | १५९ |

### सम्पादित प्रमूख क्रियाकलापहरू

- बिपतमा क्षति भएका विद्यालयहरूको लागि भौतिक पूर्वाधार सहयोग(ससर्त)
- बिपतमा व्वस्थापनका लागि शैक्षिक कार्यक्रम(ससर्त)
- प्रदेश शिक्षा ऐन कानून नीति नियम कार्यविधि निर्देशिका निर्माण तथा प्रकाशन (ससर्त)
- प्रदेश शिक्षा ऐन कानून नीति नियम कार्यविधि निर्देशिका निर्माण तथा प्रकाशन २२५२२)
- प्रदेशको EMIS अद्यावधिक सम्वन्धी कार्यशाला (शैक्षिक कार्यक्रम)
- विभिन्न विश्वबिद्यालयहरु क्यामपससंग सहकार्य गरि अध्ययनरत सोधकर्ताहरु द्वारा कर्णाली प्रदेश सरकारका शिक्षा लगायत अन्य सम्वन्धी कार्यक्रमहरुको प्रभाव सम्वन्धमा अनुसन्धान
- कर्णाली प्रदेशका दशै जिल्लामा पुर्व सिकाइको मान्यता विधि (RPL) अनुसार सीप परिक्षण
- युवा वैज्ञानिकहरुको प्रतिभा पहिचान कार्यक्रम
- सार्वजनिक शिक्षा सुधार (उच्च शिक्षण संस्थाहरुसंग सहकार्य समेत)

- वार्षिक शैक्षिक कार्यक्रम अनुगमन निरीक्षण
- शैक्षिक पूर्वाधार निर्माण (सार्वजनिक शिक्षा सुधार):- मावि तहमा सुचना प्रविधिको जडान तथा व्यवस्थापन
- शैक्षिक गुणस्तर सुधारका लागि अगुवा विद्यालय सुधार):-क्षमता वृद्धि, शैक्षिक सहयोग र भौतिक पूर्वाधार सुधार
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली,प्रदेश सरकारको भुमिका, निजि क्षेत्रको सहकार्य विषयक प्रदेश स्तरीय सरोकारवाला बीच कार्यशाला गोष्ठी
- विपत व्यबस्थापन कार्यक्रम सफल भएको
- QUALITY र NVQS संग सम्वन्धित कार्यक्रम कार्यान्वयनमा कर्मचारी अभाव भएतापनि कार्यक्रम अगाडि वढेको ।
- रुकुम पश्चिम मुगु जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहहरुको स्थलगत अनुगमन गरी TVET र Quality संग सम्बन्धित पालिकास्तरीय समितिहरु गठन भएका

**खेलकुद क्षेत्र**

**प्रमूख कार्यहरू**

- प्रदेश खेलकुद परिषद र जिल्ला खेलकुद परिषदसंगको अन्तरक्रिया कार्यक्रम
- खेल तथा खेलकुद कार्यक्रम सहयोग
- युवा तथा खेलकुदसंग सम्वन्धित ऐन कानून नियम निर्देशिका कार्यविधि दिग्दर्शन तयारी
- युवा सम्बद्ध संस्थाहरुसंगको सहकार्यमा प्रदेश युवा सम्मेलन (प्रदेश स्तर)
- पर्यटन प्रवर्दन भाषा, कला र संस्कृति नेतृत्व विकास तथा अन्य क्षेत्रको सम्वर्दनमा युवाको प्रशिक्षण क्षमता अभिवृद्धि कार्यक्रम( दश जिल्ला)
- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम (संघीय सशर्त)
- युवा वैज्ञानिक सम्मेलन (संघीय सशर्त)
- प्रदेश नमुना युवा संसद अभ्यास (संघीय सशर्त)
- युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन (संघीय सशर्त)
- खेल तथा खेलकुद सहयोग कार्यक्रम
- दिवसीय कार्यक्रमहरु सञ्चालन
- युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम
- महाशाखाको कार्यक्रम सञ्चालन दिग्दर्शन तयार भै कार्यान्वयनमा रहेको

**सामाजिक क्षेत्र**

**प्रमूख कार्यहरू**

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० प्रमाणीकरण,
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यविधि, २०८० प्रमाणीकरण,
- प्रदेश प्रमुख सामाजिक रुपान्तरण कार्यक्रम सञ्चालन कार्यविधिको सैद्धान्तिक सहमतीको प्रकृयामा,
- प्रदेश बाल अधिकार समिति गठन सञ्चालन तथा व्यबस्थापन कार्यविधिको सैद्धान्तिक सहमतीको प्रकृयामा,
- बालबिवाह अन्त्यका लागि रणनीतिक योजनाको मस्यौदा,
- संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण ।
- कर्णाली प्रदेश संरक्षण विषयगत समूहलाई ८ घण्टा भित्रबाट नियमित बैठक मार्फत सक्रियता प्रदान ।
- भूकम्प प्रभावित क्षेत्रका बालबालिकाको उद्धार, संरक्षण र सहयोग।
- बाल संरक्षण कार्यका लागि समन्वय सहयोग, सहजीकरण र अनुगमन गरिएको ।
- मनोविमर्शकर्ता र श्रोतको नक्सांकन तथा परिचालन ।
- जोखिममा परेका बालबालिकाहरुको तथ्यांक संकलन र अध्यावधिक ।
- बाल सुलभ केन्द्र स्थापना र संचालन,
- महिला केन्द्र स्थापना र सञ्चालन,
- डिगनिटि किट व्यबस्थापन तथा वितरण,
- भूकम्प प्रभावित स्थानीय तहका संरक्षण क्षेत्रका कर्मचारीका लागि क्षमता विकास
- जाजरकोट र रुकुम पश्चिम जिल्लाका ३९०० स्तनपान गराईरहेका आमाहरु र सुत्केरी आमाहरुलाई चिसोवाट बचाउँनका लागि बल्यांकेट सहयोग,
- दुवै अभिभावक र आमा वा बाबु मध्ये १ जना अभिभावक गुमाएका ४७ जना बालबालिकालाई सहयोग,
- संरक्षण क्षेत्रको सूचना तथा सन्देशमुलक सामाग्री तयार गरी सन्देश प्रवाह गरीएको,
- विपदमा हुन सक्ने लैङ्गिक हिंसा, बालबालिका ओसारपसार, दूव्र्यवहार र शोषण कम गर्नका लागि सचेतना अभिवृद्धी,
- प्रारम्भिक मनोसामाजिक परामर्श सम्वन्धी शिक्षकहरुलाई तालिम,
- विद्यालय तथा समुदायमा प्रारम्भिक मनोसामाजिक परामर्श सम्वन्धी सचेतना अभियान,
- व्यवस्थापकिय कार्यका लागि ८ वटा समुह बनाई कार्य गरिएको,
- ३ W reporting तथा संरक्षण क्षेत्रको संघिय क्लष्टरसंग समन्वय।
- भूकम्पमा संरक्षण विषयगत समितिको बैठक बसी उद्धार राहत वितरणमा सहयोग
- बालबिवाह अन्त्यका लागि रणनीतिक योजनाको मस्यौदामा जिल्ला तथा
- प्रदेश स्तरीय सुझाव संकलन कार्यशाला गोष्ठि,
- लैङ्गिक हिंसा विरुद्ध २९ बुँदे घोषणा कार्यान्वयनका लागि गोष्ठि तथा

- कार्ययोजना तयारी,
- बालिका तथा समावेशि शिक्षाका लागि स्थानीय तहका जनप्रतिनिधि, शिक्षा प्रमुख तथा
- सरोकारवालाका लागि पालिका स्तरीय समिति गठनका लागि अभिमुखिकरण कार्यक्रम,
- सामाजिक सुरक्षा बिषयक प्रदेशस्तरीय कार्यशाला,
- बालबिवाह अन्त्यका लागि रणनीतिक योजनाको मस्यौदामा जिल्ला तथा प्रदेश स्तरीय सुझाव संकलन कार्यशाला गोष्ठि,
- लैङ्गिक हिंसा बिरुद्ध २९ बुँदे घोषणा कार्यान्वयनका लागि गोष्ठि तथा कार्ययोजना तयारी,
- बालिका तथा समावेशि शिक्षाका लागि स्थानीय तहका जनप्रतिनिधि, शिक्षा
- प्रमुख तथा सरोकारवालाका लागि पालिका स्तरीय समिति गठनका लागि
- अभिमुखिकरण कार्यक्रम,
- सामाजिक सुरक्षा बिषयक प्रदेशस्तरीय कार्यशाला,
- भूकम्प प्रभावित क्षेत्रका बालकल्याण अधिकारीका लागि सूचना व्यवस्थापन ।